# तमाखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बोङ्गादोभान, बागलुङ
गण्डकी प्रदेश, नेपाल


प.सं. २०७९/०८०
च.नं.

मिति:२०७९/०४/०२

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउने तथा नयाँ निवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सूचना।

प्रस्तुत विषयमा समाजिक सुरक्षा नियमावली (पहिलो संशोधन),२०७७ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहिहरुले चालु आ.व. मा पनि नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न यस गाउँपालिकाका ६ वटै वडाको वडा कार्यालयमा स्वयमं उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई २०७९ भाद्र मसान्त भित्र अनिवार्य रुपमा नवीकरण गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। बालबालिका, पूर्ण अपाङ्गता भएका, ९० वर्ष माथि वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजका आमा,बुबा,संरक्षक/माथवर उपस्थित भई नवीकरण गराउन सक्नेछन्।

साथै राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको मिति २०७९।०४।०१ ,चलानी नं. ९ को प्राप्त पत्र अनुसार ६८ वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भए बमोजिम त्यहाँ वडा कार्यालयका सम्पूर्ण ६८ वर्ष पुरा पुगेका जेष्ठ नागरिकलाई सूचना प्रशारण गरी सा.सु नियमावली २०७६ को अनुसूची १ नियम ५ को उपनियम १ संग सम्बन्धित निवेदनको ढाँचा अनुसार निवेदन संकलन गरी दर्ता प्रक्रिया अगाडि बढाउनुहुन अनुरोध गरिन्छ। साथै, नेपाल सरकारबाट मासिक रुपमा तलब, निवृत्तिभरण साथै मासिक सुविधा पाएका नागरिकहरुको यो निवेदन संकलन नगर्नुहुन अनुरोध छ।

**नवीकरणका लागी आवश्यक कागजातहरु:**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,पासपोर्ट साइजको १ प्रति फोटो
- असहाय एकल (विधवा) महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस
- सम्बन्धविच्छेद गरी अर्को विवाह नगरेका ६० वर्ष माथिका महिलाको हकमा सम्बन्धविच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र विवाह नगरेको वडाको सिफारिस
- न्यायिक पृथिकिकरण गरी बसेका ६० वर्ष माथिका महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्र
- ६० वर्ष माथिका अविवाहित महिलाको हकमा विवाह नगरेको वडाको सिफारिस
- अपाङ्गताको हकमा अपाङ्गता कार्डको प्रतिलिपि र संरक्षको नागरिकताको प्रतिलिपि
- बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

**नोट:**

**नागरिकता प्रमाणपत्रको सक्कलै हेरी परिचयपत्र नवीकरण तथा नयाँ लाभग्राहीको सूचिकरण गर्ने र नागरिकता प्रमाण पत्रमा उल्लेखित जन्म मिति अस्पष्टता भएमा ईलाका प्रशासन कार्यालयबाट यथार्थ विवरण यकिन गरि मात्र कार्य अगाडि बढाउने।**

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।**

**नवीकरण मिति २०७९/०४/०१ देखि २०७९/०५/३१ गते सम्म**

**बोधार्थ:**

श्री वडा कार्यालय सबै,

२०७९/४/२

..........................

तिल बहादुर छन्त्याल

नि प्रमुख प्रशासकीय अधिकृत